२६ औं बैठक

आज मिति २०८०/०५/३१ गते बिहान ८:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

निर्णय नं. १

नेपाल सरकारले मिति २०७२/०६/०१ गतेका दिन साविकको धनगढी नगरपालिकामा साविकका उर्मा र फुलबारी गा.वि.स. लाई गाभेर धनगढी उप-महानगरपालिका घोषणा गरी स्थापना भएको दिनको स्मरणमा यस धनगढी उप-महानगरपालिकाको नवौं स्थापना दिवस २०८०/०६/०१ गतेका दिन भव्य समारोह बीच मनाउने साथै सो अवसरमा धनगढी उप-महानगरपालिकामा कार्यरत रही उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा उप-महानगरपालिकाको कार्यमा विविध क्षेत्रबाट सहयोग, सहकार्य र योगदान गर्ने व्यक्ति तथा संघ-संस्थाहरु एवंम् शैक्षिक सत्र २०७९ को कक्षा ८ को परीक्षामा उत्कृष्ट नतिजा हाँसिल गर्ने विद्यालय एवंम् उत्कृष्ट GPA ल्याउने विद्यार्थीहरुलाई तपसिल बमोजिम सम्मान तथा पुरस्कृत गर्ने निर्णय गरियो र आगामी वर्षहरुमा पनि यस्तै सम्मान र पुरस्कृत गर्ने कार्यलाई संस्थागत तुल्याउदैं स्थापना दिवस मनाउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

तपसिलः

१. पुरस्कृत हुने व्यक्ति तथा संस्थाहरुः

क) आ.व. ०७९/०८० मा उत्कृष्ट काम गरी पुरस्कृत हुने कर्मचारीहरुको विवरण

| क्र.सं. | पद | सम्मान एवं पुरस्कृत हुनेहरुको नाम, ठेगाना | सम्मान/नगद पुरस्कार |
|---|---|---|---|
| १ | डि. ईन्जिनियर | श्री द्विज राज भट्ट, महाशाखा प्रमुख, शहरी विकास तथा पूर्वाधार विकास महाशाखा | रु.१,००,०००।- |
| २ | अधिकृत छैठौं तह | श्री कृष्ण प्रसाद जोशी, जिन्सी शाखा | रु.१,००,०००।- |
| ३ | सब-ईन्जिनियर | श्री निर्मल कुमार देउवा, शहरी विकास तथा पूर्वाधार विकास महाशाखा | रु.१,००,०००।- |
| ४ | शिक्षा अधिकृत | श्री जयराज जैशी, शिक्षा युवा तथा खेलकुद महाशाखा | रु.५०,०००।- |
| ५ | सि.अ.न.मी. | श्री गीता रिजाल भट्ट, स्वास्थ्य शाखा | रु.५०,०००।- |
| ६ | ईन्जिनियर | श्री उपेन्द्र प्रसाद भट्ट, शहरी विकास तथा पूर्वाधार विकास महाशाखा | रु.५०,०००।- |
| ७ | ज.स्वा.नि. | श्री अनिता खड्का, शहरी स्वास्थ्य केन्द्र वडा नं. १३ | रु.५०,०००।- |
| ८ | सि.अ.हे.व.अ. | श्री डिल्ली राज जोशी, उर्मा स्वास्थ्य चौकी, वडा नं. १६ | रु.५०,०००।- |

CamScanner

| क्र.सं. | पद | सम्मान एवं पुरस्कृत हुनेहरुको नाम, ठेगाना | सम्मान/नगद पुरस्कार |
|---|---|---|---|
| ९ | वडा सचिव | श्री कृष्णानन्द भट्ट, वडा नं. ३ | रु.५०,०००।- |
| १० | सर्वेक्षक | श्री कृष्ण बहादुर शाही, नाप नक्सा तथा घरनक्सा शाखा | रु.५०,०००।- |
| ११ | सहायकस्तर चौथो | श्री विजय कुमार चौधरी, कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा | रु.५०,०००।- |
| १२ | सामाजिक परिचालक | श्री विन्दु के.सी., वडा नं. ७ | रु.५०,०००।- |
| १३ | हेभी सवारी चालक | श्री राम प्रसाद उपाध्याय, JCB चालक | रु.५०,०००।- |
| १४ | हेभी सवारी चालक | श्री विषन बहादुर चन्द, टिप्पर चालक | रु.५०,०००।- |
| १५ | हलुका सवारी चालक | श्री पुष्पा भण्डारी, सरसफाई ट्रयाक्टर चालक | रु.५०,०००।- |
| १६ | हलुका सवारी चालक | श्री सन्तोष चौधरी, सरसफाई ट्याक्टर चालक | रु.५०,०००।- |
| १७ | कार्यालय सहयोगी | श्री भोजराज भट्ट, आर्थिक प्रशासन शाखा | रु.५०,०००।- |
| १८ | सरसफाईकर्मी | श्री रामदेवी वाल्मिकी, वातावरण खानेपानी तथा सरसफाई शाखा | रु.५०,०००।- |
| १९ | विद्युत हेल्पर | श्री हरिराम चौधरी, विद्युत इकाई | रु.५०,०००।- |
| २० | नगर प्रहरी | श्री भरत राज उपाध्याय | रु.५०,०००।- |
| २१ | फायर मेन | श्री गोविन्द राज जोशी | रु.५०,०००।- |

ख) महिला स्वास्थ्य स्वंयम् सेविका श्री लिला तिमिल्सेना, वडा नं. २ - रु २५,०००।-

CamScanner

ग) उत्कृष्ट मेलमिलापकर्ता:

- ➢ श्री चुडामणि जोशी, वडा नं . १३ - रु. २५,०००।– (नगद पुरस्कार सहित)
- ➢ उत्कृष्ट मेलमिलापकर्ता श्री देवकी कुमारी चटौत -, वडा नं५ . - रु. २५,०००।- (नगद पुरस्कार सहित)

घ) शैक्षिकसत्र २०७९ को कक्षा ८ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा हाँसिल गर्ने विद्यालय एवंम् विद्यार्थीहरु:

<u>उत्कृष्ट विद्यालय:</u>

| क्र.सं. | IEMIS Code | विद्यालयको नाम र ठेगाना | कक्षा ८ को वार्षिक परीक्षा | | विद्यालयको किसिम | पुरस्कार रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | सम्मिलित विद्यार्थी संख्या | सिकाइ उपलब्धि | | | |
| १ | ७१०१०००६० | श्री पञ्चोदय मावि, हसनपुर | २३५ | ५७ | सामुदायिक | ५०,०००। | |
| ४ | ७१०१०००२१ | श्री एरिस्टो ईङ्गलिश बोर्डिङ स्कुल, क्याम्पसरोड | १२० | ६८ | संस्थागत | ५०,०००। | |

<u>उत्कृष्ट विद्यार्थी:</u>

| क्र.सं. | Student ID/Symbol No. | विद्यार्थीको नामथर | प्राप्त GPA | विद्यालयको नाम र ठेगाना | विद्यालयको किसिम | पुरस्कार रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ७१०१०००६०७९०४६५० | उषा जोशी | 3.70 | श्री पञ्चोदय मावि, हसनपुर | सामुदायिक | २०,०००।- | छात्रा तर्फ |
| २ | ७१०१००००३७९०१७२३ | अशोक कुमार अवस्थी | 3.68 | श्री त्रिभुवन मावि, बोराडाँडी | सामुदायिक | २०,०००। | छात्र तर्फ |
| ३ | ७१०१०००२२७९०००१६ | कृती यादव | 3.93 | श्री स्टेपिङ स्टोन ईङ्गलिश स्कुल, बैयाबेहडी | संस्थागत | २०,०००। | छात्रा तर्फ |
| ४ | ७१०१०००२१७९००८२० | प्रदिप गिरी | 3.98 | श्री एरिस्टो ईङ्गलिश बोर्डिङ स्कुल, क्याम्पसरोड | संस्थागत | २०,०००। | छात्र तर्फ |

२. <u>सम्मानपत्र प्राप्त गर्ने संघ-संस्थाहरु:</u>

क) फोहोरमैला व्यवस्थापन लगायत अन्य क्षेत्रमा उत्कृष्ट काम गरेका टोल विकास संस्थाहरुको विवरण:

| वडा नं. | टोल विकास संस्थाको नाम | अध्यक्षको नामथर |
|---|---|---|
| १ | श्री मालीका टोल बिकास संस्था | दल बहादुर बिष्ट |
| २ | श्री मनकामना टोल बिकास संस्था | कमल गुरुङ्ग |
| ३ | श्री संगम टोल बिकास संस्था | प्रजापती जोशी |
| ४ | श्री भगवती टोल बिकास संस्था | सि.पि साउद |
| ५ | श्री पीपल चौतरा टोल बिकास संस्था | प्रेम बहादुर शाह |
| ६ | श्री कृष्ण टोल बिकास संस्था | शंकर राज पाठक |
| ७ | श्री भानुचोक टोल बिकास संस्था | ज्योती गुरुङ्ग |

CS CamScanner

| वडा नं. | टोल विकास संस्थाको नाम | अध्यक्षको नामथर |
|---|---|---|
| ८ | श्री विद्यानगर टोल बिकास संस्था | गिता चन्द |
| ९ | श्री हरियाली टोल बिकास संस्था | पूर्णिमा चौधरी |
| १० | श्री जन कल्याण टोल बिकास संस्था | कुश्मा राना |
| ११ | श्री बड्यान टोल बिकास संस्था | क्रिमलाल राना |
| १२ | श्री उद्यमशिल टोल बिकास संस्था | रविन्द्र बहादुर थापा |
| १३ | श्री हिमाली टोल बिकास संस्था | रेवन्त खड्का |
| १४ | श्री शिवालय टोल बिकास संस्था | पूर्णराज तिवारी |
| १५ | श्री उर्मि टोल बिकास संस्था | चन्की चौधरी |
| १६ | श्री मिलन टोल बिकास संस्था | मनिषा देवी चौधरी |
| १७ | श्री सहासिपुर टोल बिकास संस्था | प्रकास चौधरी |
| १८ | श्री तुल्सीवारी टोल बिकास संस्था | चक्र बहादुर बस्नेत |
| १९ | श्री फुलवारी टोल बिकास संस्था | लक्ष्मी चौधरी |

ख) **उत्कृष्ट निर्माण व्यवसायी**- श्री टेक बहादुर मल्ल, पि.एस. कन्सट्रक्सन कम्पनी प्रा.लि., काठमाडौं धनगढी नमुना मा. बि. भवन निर्माण गर्ने कार्य (आ.व. ०७९/०८० को)

ग) **उत्कृष्ट उपभोक्ता समिति** - श्री कृपाराम पाण्डे- अध्यक्ष, श्री कमला कुमारी पाण्डे- सचिव, श्री कल्पना देवी वि.क.- कोषाध्यक्ष, सरौता चोक नजिक सार्वजनिक शौचालय निर्माण, वडा नं. १७ (आ.व. ०७९/०८० को)

घ) **सबै भन्दा बढी कर तिर्ने करदाता (सम्पत्तिकर)**- साल्ट ट्रेडीङ्ग कम्पनी लि. रु. १,५४,०८९।००

ङ) **सबै भन्दा बढी कर तिर्ने करदाता (बहालकर)**- निसर्ग हस्पिटल एण्ड रिसर्च प्रा लि.रु. १७,१७,४८२।३९

च) **नगर सरसफाई** श्री लोक बहादुर खडका वडा नं. ५ सरसफाई अभियन्ताको रुपमा निरन्तर काम गरेकोले ।

छ) **बिषयगत कार्यालय** श्री नेपाल विद्युत प्राधिकरण -(उप महानगरपालिका नगरपालिका क्षेत्रभित्र बिधुत लाइन विस्तार एंव विकास कार्यमा निरन्तर रुपमा नगरपालिकाको समन्वयमा रही कार्य गरकोले)

ज) **उत्कृष्ट सामुदायिक वन**- श्री पटेला सामुदायिक वन उपभोक्ता समूह, वडा नं. ७ (नगरको विकास अभियानमा पु-याएको उच्च योगदानको लागि)

**निर्णय नं. २**

मित्र समाज नेपालको सहयोगमा तयार गरिएको यस धनगढी उप-महानगरपालिकाको सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिता सम्बन्धी नीति , २०८० र नागरिक बजेट, २०८० लाई स्वीकृत गरी नवौं स्थापना दिवसको दिन सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ३

धनगढी उप-महानगरपालिका अन्तर्गत सीपमूलक तालिमको अवसरको खोजीमा रहेका युवाहरुका लागि नेपाल युथ फाउन्डेसनको सहकार्यमा कार्पेन्ट्री (फर्निचर मेकर), वेल्डिङ्ग(फलाम जडान), प्लम्बिङ र ईलेक्ट्रीकल हाउस वायरिङ्ग लेवल-ए को छोटो अवधिका तालिमहरु सञ्चालनको लागि नेपाल युथ फाउन्डेसन नेपाल, ललितपुर र धनगढी उप-महानगरपालिका , कैलाली बीच मिति २०८०/०४/३० गते भएको समझदारी पत्र (MOU) अनुमोदन गर्ने निर्णय गरियो । सो व्यावसायिक तालिम सञ्चालनको लागि द्विपक्षीय समझदारी पत्रमा संलग्न तालिमहरुको कुल लागत रु. ३७,६४,०००।– मध्ये रु. २५,६४,०००।– नेपाल युथ फाउन्डेसन नेपालको तर्फबाट र रु. १२,००,०००।– धनगढी उप-महानगरपालिकाको तर्फबाट व्यहोरिने । साथै उप-महानगरपालिकाबाट तालिममा सहभागी वडा नं. १४, १८ र १९ बाहेकका प्रशिक्षार्थीहरुलाई यातायात खर्च बापत मासिक रु. २०००।– दिने व्यवस्था गर्ने समेतको निर्णय गरियो । साथै धनगढी उप-महानगरपालिका वडा नं. १८, धनगढीमा New Vocational School खोल्नको लागि मिति २०८०/०४/०३ (2023, July 19) मा नेपाल युथ फाउण्डेन Olgapuri Vocational School, Chunikhel, Lalitpur मा नगर प्रमुख श्री गोपाल हमालको आतिथ्यमा दुवै पक्षका प्रतिनिधिहरु बीच भएको समन्वय बैठकका निर्णयहरुको बारेमा आजको बैठकमा पेश भई जानकारी गराउँदा सो लाई पनि सहमति प्रदान गरी धनगढी उप-महानगरपालिकाको तर्फबाट द्विपक्षीय समझदारी पत्रमा हस्ताक्षर गर्न स्वीकृति प्रदान गरियो ।

निर्णय नं. ४

धनगढी उप-महानगरपालिकाको मातहतमा रहेको धनगढी उप-महानगरपालिका वडा नं. १४ स्थित अन्दाजी १.५० बिगाहा जग्गामा निर्मित जेष्ठ नागरिक भवनको संरचना लगायतको जग्गामा आसरा सुधार केन्द्रको फुलबारी सञ्चालन गरी लागु औषध तथा दुर्व्यसनमा लागेका व्यक्तिहरुको सुधारका लागि सुधार केन्द्र स्थापना गरी २० (बीस) वर्षका लागि सञ्चालन गर्न धनगढी उप-महानगरपालिका र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी, कैलाली बीच समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने निर्णय गरियो । र उप-महानगरपालिकाको तर्फबाट उक्त कार्यक्रमहरु सञ्चालन गर्न MOU मा उल्लेखित आर्थिक दायित्व लगायतका सबै शर्तहरुलाई स्वीकृती प्रदान गरियो ।

निर्णय नं. ५

यस धनगढी उप-महानगरपालिका अन्तर्गत आ.व. २०८०/०८१ मा तपसिल बमोजिमका योजना संचालन गर्न आवश्यक भई कार्यान्वयन गर्नका लागी ठेक्का प्रक्रिया अगाढी बढाइएको हुँदा भुक्तानी गर्नका निम्न उल्लेखित आवश्यक रकम भैपरी आउने पुँजीगत शिर्षकबाट रकमान्तर गरी कार्यहरु कार्यान्वयनका लागि स्वीकृति प्रदान गर्ने न्रिर्णय गरियो ।

१. नगरप्रहरीको ब्यारेक निर्माण गर्ने कार्य- रु.४०,००,०००/००

२. नगर प्रहरीको भान्साघर निर्माण गर्ने कार्य- रु. २०,००,०००/००

३. धनगढी- ०१ टि. सि. एन. चोक नजिक चौकीदार घर निर्माण तथा घेरबार गर्ने कार्य- रु. ११,६०,०००/००

४. Backhoe Loader खरिद गर्ने कार्य- रु. २७,००,०००/००

५. छ लेन सडकमासाइकल लेननिर्माण गर्ने कार्य – रु. ४६,५०,०००/००

६. Medical Waste Treatment Plant Shed निर्माण कार्य- रु.१५,४२,०००/००

७. छ लेन सडकमा रहेका स्मार्ट सडक बत्तीका पोलमा स्ट्रिप लाइट जडान गर्ने कार्य- रु. १८,४०,०००/००

८. शान्ती टोल झोलुंगे पुल सामग्री खरिद- रु. २१,००,०००/००

निर्णय नं. ६

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालय अन्तर्गत आ.व. २०८०/०८१ मा संचालन गर्नका लागी तपसिल बमोजिमका योजनाको खरिद प्रक्रिया स्वीकृत गरि कार्य अगाढी बढाईएको हुँदा उक्त योजनाहरु को स्वीकृत भएको लागत अनुमानतथा खरिद प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र. स. | योजनाको नाम | स्वीकृत लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | नगरप्रहरीको ब्यारेक निर्माण | रु. ३९,९३,८९६/०४ | |
| २ | Medical Waste Treatment Plant Shed निर्माण कार्य वडा न. ०२ | रु. १५,४१,००४/०० | |
| ३ | छ लेन सडकमा रहेका स्मार्ट सडक बत्तीका पोलमा स्ट्रिप लाइट जडान गर्ने कार्य | रु. ४७,३९,१०७/०० | |
| ४ | शान्ती टोल झोलुंगे पुल वडा न. ०७ र १५ | रु. १,०५,९२,६८६/४८ | |
| ५ | ध. उ. म. पा. वडा न. १, २, ३ र ५ का विभिन्न सडकहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य | रु. ४,९६,५०१/३४ | |

निर्णय नं. ७

यस धनगढी उप-महानगरपालिका अन्तर्गत आ.व. ०७९/०८० मा सडक बोर्ड नेपालबाट स्वीकृती प्राप्त गरि स्थानीय सडक मर्मत गर्नका लागी ठेक्का न. 86/DSMC/2079/080, 87/DSMC/2079/080, 88/DSMC/2079/080, 89/DSMC/2079/080, 90/DSMC/2079/080, 91/DSMC/2079/080, 92/DSMC/2079/080, 93/DSMC/2079/080 र 94/DSMC/2079/080 को सूचना प्रकाशित गरि छनौट भएको निर्माण व्यवसायी श्री महिमा निर्माण सेवा धनगढी-०६, कैलाली संग मिति २०८०/०३/२० गते सम्झौता भई २०८०/०३/३० सम्म सम्पन्न गर्नका लागी कार्य आदेश दिईएकोमा सम्झौता लगतै भएको वर्षातका कारण कार्य सुरु गर्न समेत कठिन भएको हुँदा कार्य सुरु गर्न ढिलाई भएकोले उक्त कार्य गर्नका लागी मिति २०८० कार्तिक मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

यस धनगढी उपमहानगरपालिका -को छ लेन सडकमा रहेका डिभाइडरले गर्दा सडक दुर्घटना हुने, फोहोरमैला व्यवस्थापनमा समस्या र छाडा पशु सधै बस्ने गरेको समेत देखिएकाले उक्त डिभाइडर हटाउन अति आवश्यक देखिएको हुँदा उक्त डिभाइडर हटाउनका लागी सम्बन्धित निकायमा बारम्बार अनुरोध गर्दा पनि नहटाएको र घट्ना बारम्बार घटिरहेकोले उक्त डिभाईडर हटाउन यस उप-महानगरपालिकाबाट आफ्नै खर्चमा हटाउन प्रक्रिया अगाडी बढाएकोले सो मा लागेको गाडी ढुवानी भाडा लगायतका खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस धनगढी उपमहानगरपालिका -को वडा न. १५ स्थित कनरी पार्कको DPR तयार गर्नका लागी सेवा र परामर्श शिर्षकबाट रु. २०,००,०००/- बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस धनगढी उपमहानगरपालिका -अन्तर्गत आ. व. २०७९/०८० मा भुक्तानी हुन बाँकी रही दायित्व सरि म. ले. प. फाराम न. २२१ प्रमाणित भइ आएका तपसिल बमोजिमका योजनाहरुको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

| दायित्व सृजना भएको मिति | खर्चउप शिर्षक | कार्यक्रमकोनाम | भुक्तानीपाउनेको नाम | भुक्तानी दिनबाकी रकम | भक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|
| २०८०-०१-०४ | ३११५१ | Construction of Gravel Road in Ward No. 03 DSMC (54/DSMC/2079/080) | Pro. Umesh Kadel, Kadel Super Construction, Gauriganga -03, Kailali | ३०२८०३१६५. | |
| २०८०-०१-०४ | ३११५१ | Construction of Blacktop Roads (Nawadurga Tole Ring Road to Hark Chaudhary House, pragati Tole and Badyan Tole) at ward No. 06 and 11 DSMC | Pro. Janak Pathak,JP Construction, Dhangadhi, Kailali | १०६५५१०९. | |
| २०८०-०१-०४ | ३११५१ | Relocation of Electricity Pole at Tribhuwan Road. | उदयदेव निर्माण सेवा तथा उदयदेव जनरल अडर सप्लायर्स | ३२२२७६. | |
| २०८०-०१-०४ | २२४११ | preperation of periodic plan of Dhangadhi Sub Metropolitian City (RFP No. 02/DSMC/079/80) | GEC-Malla - CLEC JV | १६२१५५०. | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०८०-०१-०४ | ३११३५ | Detailed Engineering Survey, Detailed Design and Drawing, Report Preperation (DPR of various Roads of DSMC)-Pakage II (RFP No. 06/DSMC/ Consulting/079/80) | New palnet Engineering Servicess | १०३४२२१२. | |
| २०८०-०१-०४ | ३११५१ | Construction of BlackTop road (Campus Chowk to ChelibetiChautara) at ward No. 18 DSMC(33/DSMC/2079/80) | Pro. Janak Pathak,JP Construction, Dhangadhi, Kailali | ५८०८४०१६. | |
| २०८०-०१-०४ | ३११५१ | फुलवारी बहुमुखी कम्पासमा शैक्षिक पूर्वाधार निर्माण | फुलवारी बहुमुखी कम्पासमा शैक्षिक पूर्वाधार निर्माण समिति | २०,००,००० | |
| २०८०-०१-०४ | ३११५१ | धनगढी उप - ०१- महानगरपालिका ग्राभेल गर्ने विभिन्न सडक काम | प्रोरुद्र प्रसाद पन्त ., उग्रतारा कन्स्ट्रक्सन एण्ड सप्लायर्सधनगढी , कैलाली | ४५७०९५२८. | |
| २०८०-०१-०४ | ३११५१ | धनगढी उप - ०७- महानगरपालिका मनेहरा पुतु रानाको घर सम्म सडककालोपत्रे गर्ने काम | Pro. Janak Pathak,JP Construction, Dhangadhi, Kailali | ७००००००. | |
| २०८०-०१-०४ | ३११५१ | धनगढी उप - ०७- महानगरपालिका मिलन सडक कालोपत्रे गर्ने काम | Pro. Janak Pathak,JP Construction, Dhangadhi, Kailali | ५००००००. | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०८०-०१-०४ | ३११५१ | Construction of Blacktop Road with Retaining Works and side drain, PuranoBaalbihani To khutiya Sadak ward no.5 | Pro.Dharmaraajbhatta,KiranConstructionaAttariya Kailali | १५४६५५११९. | |
| २०८०-०१-०४ | ३११५१ | construction of side drain works and various structure at ward no.01 DSMC (postal office to district police office) 15/DSMC/2078/79 | Pro. Dharma Raj Bhatta, Kiran Construction | २२५९६३९७७. | |
| २०८०-०१-०४ | ३११५१ | Construction of Gravel Road with side drain work at (Provincal Health Lab to Chhatyal House) ward no. 05 | पासामास्टा निर्माण सेवा अजयमेरु, डडेल्धुरा | १५८७२१७३. | |
| २०८०-०१-०४ | ३११५१ | लक्ष्मी पोल्ट्री फर्म नजिकको सडक निर्माण प्रचण्ड ) बमको घर देखिपूर्व उत्तर पूर्ण राज जोशीको घर सम्म अधुरो पक्कि नाली निर्माण गर्ने काम ( | D.S Construction | ५००४७०३६. | |
| जम्मा रकम | | | | १,३७,७४,९०८/२४ | |

निर्णय नं.११

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्रका विपन्न, असहाय, आर्थिक स्थिति एकदमै कमजोर भई मृतकको दाहसंस्कार गर्न समस्या भएका मृतकका आफन्तहरुलाई दाहसंस्कार गर्नपूर्व प्रतिव्यक्ति रु. ५०००।– (अक्षरुपी पाँच हजार मात्र) खर्च उपलब्ध गराउने, दाहसंस्कार खर्चका लागि सम्बन्धित व्यक्तिले उप-महानगरपालिकाको टोल फ्रि नं. १८१०५००००९० मा नगर प्रहरीलाई सम्पर्क गर्ने र नगर प्रहरीले तत्काल सम्बन्धित वडा कार्यालयको समन्वयमा उक्त रकम उपलब्ध गराउने व्यवस्था मिलाउने साथै दाहसंस्कारपछि माग भएमा सो रकम उपलब्ध नगराउने निर्णय गरियो ।

निर्णय नं. १२

यस धनगढी उप-महानगरपालिकाको मिति २०७९/१०/२६ गतेको १७ औं कार्यपालिका बैठकबाट राजस्व शाखाबाट बजारमा खटिएका कर्मचारीहरुले संकलन गरेको बहार करको १० प्रतिशत रकम प्रोत्साहन बापत बहाल संकलनमा खटिएका कर्मचारीहरुलाई उपलब्ध गराउने सम्बन्धमा निर्णय भएकोमा यसरी प्रोत्साहन रकम उपलब्ध गराउँदा संस्थागत प्रयोजनमा प्रयोग भएका बहालमा बस्ने संस्थाहरुले दाखिला गर्नुपर्ने बहाल कर बाहेक व्यक्तिगत प्रयोजनका लागि घर बहालमा लिई बसेका व्यक्तिहरुबाट संकलन गरिएको बहाल करको मात्र १० प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं ६७० मिति २०८०/०२/१८ को परिपत्र बमोजिम अध्ययन पूर्व स्वीकृती, स्वदेशी तालिम तथा बैदेशिक मनोनयन र अध्ययन तथा असाधारण बिदाका लागि स्थानीय कार्यपालिकाको सिफारिसमा प्रदेशको प्रमुख सचिवले स्वीकृत गर्ने व्यवस्था भएको र यस कार्यालयमा कार्यरत महिला विकास अधिकृत श्री पंकजा कुमारी जोशीले JDS Scholarship का लागि आवेदन दिन तथा अन्य विद्यावारिधि अध्ययनका लागि अध्ययन पुर्व स्वीकृतिको सिफारिसका लागि निवेदन पेश गरेकोमा निजलाई अध्ययन पूर्व स्वीकृतिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

नेपालको संविधानसभाका अध्यक्ष एवंम् वर्तमान प्रतिनिधिसभाका माननीय सदस्य श्री सुवासचन्द्र नेम्वाङज्यूको मिति २०८०/०५/२६ गतेका दिन ७१ वर्षको उमेरमा भएको अकल्पनीय निधनप्रति गहिरो दुःख व्यक्त गर्दै वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने र शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने गरि आजको बैठकमा पेश भएको शोक प्रस्ताव सर्वसम्वतिबाट पारित गरियो र वहाँको सम्मानमा १ मिनेट मौन धारण गरियो ।

आजको बैठक अन्त गरियो ।